# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

०७८-५०६००१

प.स.०८२/८३
च.न. १६७७

मितिः२०८३-०१-०९

श्री जिल्ला हुलाक कार्यालय
परासी ,नवलपरासी (ब.सु.प.)

विषयः विवरण सार्वजनिक गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस सुस्ता गाउँपालिकाको तेस्रो त्रैमासिक विवरण सहितको सूचनाको हक सम्वन्धि ऐन, २०६४ तथा नियमावली, २०६५ अनुसार सार्वजनिक गर्नुपर्ने विवरण यस कार्यालयको website मार्फत सार्वजनिक गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

विजय अधिकारी
सूचना अधिकारी

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं
श्री राष्ट्रिय सूचना आयोग, काठमाडौं
श्री जिल्ला प्रशासन कार्यालय, परासी नवलपरासी (ब.सु.प.)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

मिति:२०८३।०१।०९

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व.०८२।८३ को तेस्रो त्रैमासिकको स्वत प्रकाशन ।**

१.निकायको स्वरुप र प्रकृतिः लुम्बिनी प्रदेश अन्तर्गत १२ जिल्लाहरु मध्ये नवलपरासी (ब.सु.प) जिल्लामा अवस्थित सुस्ता गाउँपालिकाको पूर्वमा विनयी-त्रिवेणी गाउँपालिका र भारत, पश्चिममा प्रतापपुर गाँउपालिका र बर्दघाट नगरपालिका, उत्तरमा विनयी-त्रिवेणी गाउँपालिका र बर्दघाट नगरपालिका र दक्षिणमा भारत पर्दछन् । साविकका रुपौलिया (वडा न. १ र २ बाहेक), कुडिया, नर्सही, पक्लिहवा र त्रिवेणी सुस्ता गा.वि.स. वडा न. ४ लाई समायोजन गरी हाल ५ वटा वडाहरू कायम गरिएको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत बुटवल-नारायणगढ सडकखण्डको बर्दघाट देखि १५ कि.मि. दक्षिण पूर्वमा रहेको यो गाँउपालिकाको प्रमुख विषेशताहरूमा विशाल नारायणी नदीको तटीय क्षेत्र, गण्डकनहर, नारायणी नदीपारी रहेको सिमा समस्या ग्रस्त सुस्ता क्षेत्र, डुवान ग्रस्त क्षेत्र, उर्वर खेतियोग्य जमिन आदि हुन । भौगोलिक हिसावले हेर्दा समुन्द्र सतहबाट ८८ मि. देखि ८१२ मि. सम्मको उचाईमा विविधता भएको यो गाउँपालिकाको उत्तरी भेगमा चुरे पहाडी क्षेत्र पर्दछ भने दक्षिणी भू-भाग समथर भू-धरातल, उर्वर जमिन र नारायणी नदीको तटीय क्षेत्र पर्दछ । कुल ९६.५१ वर्ग कि.मि क्षेत्रफलमा यस गाँउपालिका फैलिएको छ ।

गाउँपालिकाको आर्थिक क्षेत्रको अवस्था र सम्भावनालाई हेर्दा खेतियोग्य जमिनको उपलब्धता भएकोले सिंचाइको उचित प्रबन्ध हुनसके कृषिको वैज्ञानिकीकरण र व्यावसायीकरण मार्फत आर्थिक समृद्धि हासिल गर्न सकिन्छ । गाँउपालिकामा हुने प्रमुख बालीहरूमा धान, गहुँ र मकै हुन भने नगदे वालीहरूमा उखु, दलहन बालीमा मुसुरो, केराउ रहर र मास, तेलहन बालीमा तोरी, सुर्यमुखी, तरकारीमा प्राय सबै प्रकारका तरकारीहरू, फलफुलमा विशेषगरी केरा र अन्यमा आँप, कटहर, लिची, मेवा, अम्बा, र अनार रहेका छन्। यी वाहेक यस गाउँपालिकामा रैथाने प्रजातिका अनवी र ठेलही जातको धानको समेत खेती हुने गर्दछ । गाउँपालिकामा एक ठूलो स्तरको खाडसरि चिनीमिल गाउँपालिका केन्द्र कुडियामा रहे तापनि अन्यठुला स्तरका उद्योगहरूको स्थापना हुन सकेको छैन । विषेश गरी कृषिमा आधारित प्रशोधन उद्योगहरूको राम्रो सम्भावना रहेको छ । हालका बडा केन्द्रहरू रहेका र अन्य केही विकसित भैरहेका स-सानाबजार केन्द्रहरू जस्तै कुडिया, रुपौलिया, बरुवा, महलबारी, नर्सही, महेन्द्रनगर, रामनगर, रतनगंज जस्ता बजार वाहेक ठुला स्तरका उपभोक्ता बजारहरूको विकास भने भएको छैन । तर्सथ यहाँ कामना सेवा विकास बैक, एन. एम. वि बैङ्कका शाखाहरू कमश वडा न. १ र २ मा रहेका छन् भने आर्थिक क्रियाकलापहरुमा आएको बढोत्तरी सँगै वित्तिय संस्था, लघुवित्त तथा सहकारी संस्थाहरुको विस्तार हुदै गएको छ ।

अर्को तर्फ यस गाउँपालिकामा, पर्यटनको समेत राम्रो सम्भावना रहेको छ । विशेष गरी जल पर्यटन, कृषिपर्यटन र धार्मिक पर्यटनको प्रमुख सम्भावना रहेको पाइन्छ । नारायणीनदीको जलभण्डार साथै विभिन्न घोल क्षेत्रलाई तालको रूपमा विकास गरी जलपर्यटन प्रर्वद्धन गर्न सकिन्छ । अर्को तर्फ वडा न. १ को बालपुरी मठ र कोटेश्वर मन्दिर, वडा न. २ को कुवाँरवर्ती चुहाडी) मन्दिर र मदारबाबा मस्जिद, वडा न. ३ मा रहेको किन्न दुर्गा, कालिका, राम र शिवमन्दिरहरू, बडा न.४ को नारायणी किनार र वडान. ५ को ठाडीघाट अर्थात अनुमाघाट जहाँ गौतम बुद्धले कपालमुण्डन गरी ध्यान र ज्ञानको खोजीमा प्रस्थान गरेको पवित्र स्थल रहेकोले यी क्षेत्रको विकास र प्रचार प्रसार गरी धार्मिक पर्यटन प्रर्वद्धन गर्न सकिन्छ

। त्यसैगरी नमुना कृषि क्षेत्रको रूपमा विकास गर्न सके कृषि अवलोकन भ्रमण मार्फत कृषि पर्यटनको समेत राम्रो सम्भावना रहेको छ ।

२.निकायको काम,कर्तब्य र अधिकारःसुस्ता गाउँपालिका नेपालको संविधानको अनुसूची -८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची -९ मा संघ,प्रदेश र स्थानीय तहको अधिकारको साझा सुची,स्थानीय सरकार संचालन ऐन,२०७४ ,संघ र लुम्विनी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्वन्धी जारी गरिएका ऐन,नियम तथा अन्य कानूनी प्रवन्धहरु ,समय समयमा जारी हुने परिपत्रहरु एवं गाउँपालिकाको स्थानीय कानुनहरु (ऐन,नियमावली,कार्यविधी,निर्देशिका,मापदण्ड,मार्गदर्शन, र निर्णयहरु समेतले तोके बमोजिमको काम,कर्तब्य र अधिकार निर्दिष्ट छ ।

३.निकायबाट प्रदान गरिने सेवा , शाखा र कर्मचारी विवरणःगाउँपालिकाले प्रदान गर्ने सेवा साथै कर्मचारीहरुको विवरण सुस्ता गाउँपालिकाको वेबसाईट www.sustamun.gov.np मा समेत राखिएको छ ।

४.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिःयस गाउँपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण सुस्ता गाउँपालिकाले हरेक बर्षका लागि गाउँसभाबाट जारी हुने आर्थिक ऐन,नीति,कार्यक्रम बजेट,स्थानीय सरकार संचालन ऐन,२०७४,स्थानीय कानुन,नागरिक बडापत्र समेतबाट निर्धारण गरिन्छ। यस सम्वन्धी व्यवस्था सुस्ता गाउँपालिकाको वेभसाईट www.sustamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

५.निर्णय गर्ने प्रकिया र अधिकारीः यस गाउँपालिकाको गाउँसभा ,नगर कार्यपालिकाको बैठक ,संङ्घीय तथा प्रदेश कानुन र स्थानिय ऐन, नियमावली,कार्यविधी,निर्देशिका,मापदण्ड,मार्गदर्शन, निर्णयहरु,प्रचलित अभ्यासहरुको अधिनमा रही पालिकाको संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्य विवरण स्पष्ट पारिएको छ ।

६.निर्णय उपर उजुरी सुन्ने अधिकारीःयस गाउँपालिकाको काम कारवाही सम्वन्धमा गुनासो तथा उजुरी सुन्नका लागि गुनासो अधिकारीको व्यवस्था गरिएको छ ।

**गुनासो सुन्ने अधिकारीको नाम थरः**विष्णु प्रसाद ढकाल
**पद/तहः** प्रशासकीय अधिकृत
**ईमेलः**sustagaunpalika@gmail.com
**सम्पर्क नम्वरः**९८५७०८०७५०

**७.कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**
**कार्यालय प्रमुखको नामः**हुमलाल भुसाल
**पदः**प्रमुख प्रशासकीय अधिकृत
**ईमेलः**sustagaunpalika@gmail.com
**सम्पर्क नम्वरः**९८५७०८२३२०

**सूचना अधिकारीको नामः** विजय अधिकारी
**पदः**सहायक प्रशासकीय अधिकृत
**सम्पर्क नम्वरः**९८५७०८२३०९

८.ऐन,नियम तथा कार्यविधिको सूचीः गाउँपालिकाले निर्माण गरेको ऐन,नियम तथा कार्यविधिको विस्तृत सूची www.sustamun.gov.np मा राखिएको छ ।

९.आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरणःयस गाउँपालिकाको आम्दानी ,खर्च तथा आर्थिक कारोवार सम्वन्धी विवरणहरु यस प्रकार रहेको छ ।

# सुस्ता गाउँपालिकाको तेस्रो त्रैमासिक सम्मको आम्दानी विवरण

आ.व. २०८२/८३

| क्र.सं. | राजस्वको स्रोत | वार्षिक अनुमान | आम्दानी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय समानिकरण अनुदान | १२०८००००.०० | ८५०७९४४०.०० | ७०.४३ | |
| २ | संघीय सशर्त अनुदान चालु | १५६६२००००.०० | १०८७४९०००.०० | ६९.४३ | |
| ३ | संघीय सशर्त अनुदान पूँजिगत | २५००००००.०० | ०.०० | ०.०० | |
| ४ | संघीय विशेष अनुदान चालु | ०.०० | ०.०० | ०.०० | |
| ५ | संघीय विशेष अनुदान पूँजिगत | ६९०००००.०० | ०.०० | ०.०० | |
| ६ | संघीय समपुरक अनुदान चालु | ०.०० | ०.०० | ०.०० | |
| ७ | संघीय समपुरक अनुदान पूँिजग | ८७०००००.०० | ०.०० | ०.०० | |
| ८ | लुम्बिनी प्रदेश समानिकरण अनुदान | ८२१४०००.०० | ४१०७०००.०० | ५०.०० | |
| ९ | लुम्बिनी प्रदेश सशर्त अनुदान चालु | ०.०० | ०.०० | ०.०० | |
| १० | लुम्बिनी प्रदेश सशर्त अनुदान पूँजिगत | ७५०००००.०० | २४७५०००.०० | ३३.०० | |
| ११ | लुम्बिनी प्रदेश विशेष अनुदान चालु | ०.०० | ०.०० | ०.०० | |
| १२ | लुम्बिनी प्रदेश विशेष अनुदान पूँजिगत | ०.०० | ०.०० | ०.०० | |
| १३ | लुम्बिनी प्रदेश समपुरक अनुदान चालु | ०.०० | ०.०० | ०.०० | |
| १४ | लुम्बिनी समपुरक अनुदान पूँजिगत | ७५०००००.०० | २४७५०००.०० | ३३.०० | |
| १५ | संघीय राजस्व बाँडफाँट | १११८३५३८५.०० | ७२९०४५८२.५२ | ६५.१९ | |
| १६ | प्रदेश राजस्व बाँडफाँट | ९२१४०००.०० | ६६०००७९.०३ | ७१.६३ | |
| १७ | स्थानीय राजस्व बाँडफाँट | १३५०००००.०० | ३५०३७९०.०० | २५.९५ | |
| १८ | आन्तरिक स्रोत | १२१०००००.०० | १५२९२४५९.१४ | १२६.३८ | |
| १९ | गत वर्षको नगद मौज्दात | १४९१२०४४०.०० | १९६६२०४३७.४० | १३१.८५ | |
| | जम्मा | ६१४५०३८२५.०० | ४९७८०६७८८.०९ | ८१.०१ | |

# सुस्ता गाउँपालिकाको तेस्रो त्रैमासिक सम्मको खर्च विवरण

आ.व. २०८२/८३

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | **आर्थिक विकास** | **४२७३००००.००** | **५९०५४६४.००** | **१३.८२** | |
| १.१ | कृषि | १२१६५०००.०० | ३१९६६८९.०० | २६.२८ | |
| १.२ | उद्योग | २९०००००.०० | ८८९०३०.०० | ३०.६६ | |
| १.३ | पर्यटन | १२८०००००.०० | ०.०० | ०.०० | |
| १.४ | सहकारी | १७०००००.०० | ०.०० | ०.०० | |
| १.५ | जलस्रोत तथा सिँचाई | १५०००००.०० | ०.०० | ०.०० | |
| १.६ | पशुपंक्षी विकास | ६५१५०००.०० | १८१९७४५.०० | २७.९३ | |
| १.७ | भूमि व्यवस्था | ५००००००.०० | ०.०० | ०.०० | |
| १.८ | वाणिज्य | १५००००.०० | ०.०० | ०.०० | |
| २ | **सामाजिक विकास** | **२४४१९१०००.००** | **११६८०४३५४.९७** | **४७.८३** | |
| २.१ | शिक्षा | १६१४०५०००.०० | ९२२६५६८६.७७ | ५७.१६ | |
| २.२ | स्वास्थ्य | ४२१२५०००.०० | २०१५८८१५.२० | ४७.८५ | |
| २.३ | खानेपानी तथा सरसफाई | ४०४००००.०० | ०.०० | ०.०० | |
| २.४ | भाषा तथा संस्कृति | ७१६५०००.०० | ९७२४०३.०० | १३.५७ | |
| २.५ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १५८५१०००.०० | १९६५४२०.०० | १२.४० | |
| २.६ | युवा तथा खेलकुद | ६४५००००.०० | २८६८००.०० | ४.४५ | |
| २.७ | जनसंख्या तथा बसाईसराई | ४००००.०० | ०.०० | ०.०० | |
| २.८ | सामाजिक सुरक्षा तथा संरक्षण | ७११५०००.०० | ११५५२३०.०० | १६.२४ | |
| ३ | **पूर्वाधार विकास** | **२३३५८००००.००** | **६२४९१३११.००** | **२६.७५** | |
| ३.१ | यातायात पूर्वाधार | १०५४४५०००.०० | २३१८३०७५.०० | २१.९९ | |
| ३.२ | भवन, आवास तथा सहरी विकास | ९०७०००००.०० | ३६६२०९८८.०० | ४०.३८ | |
| ३.३ | उर्जा | २७३०००००.०० | २१०६४२४.०० | ७.७२ | |
| ३.४ | सम्पदा पूर्वाधार | ९९३५०००.०० | ५८०८२४.०० | ५.८५ | |
| ३.५ | बिज्ञान तथा प्रविधि | २०००००.०० | ०.०० | ०.०० | |
| ४ | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **१९९२२०००.००** | **२०२८९२८.००** | **१०.१८** | |
| ४.१ | वातावरण तथा जलवायु | १३८००००.०० | ९९४४०.०० | ७.२१ | |
| ४.२ | विपद व्यवस्थापन | ३०५००००.०० | २२११४२.०० | ७.२५ | |
| ४.३ | मानव संशाधन विकास | १०१२०००.०० | ५९१००.०० | ५.८४ | |
| ४.४ | शान्ति तथा सुव्यवस्था | १६००००.०० | ०.०० | ०.०० | |
| ४.५ | कानुन तथा न्याय | १०२५०००.०० | ३३९२६०.०० | ३३.१० | |
| ४.६ | शासन प्रणाली | ८८९००००.०० | ३६७६१८.०० | ४.१४ | |
| ४.७ | तथ्याङ्क प्रणाली | ५०००००.०० | २९०७९८.०० | ५८.१६ | |
| ४.८ | गरिबी निवारण | ११०००००.०० | ६०१८१०.०० | ५४.७१ | |
| ४.९ | श्रम तथा रोजगारी | १००००००.०० | ०.०० | ०.०० | |
| ४.१० | योजना तर्जुमा र कार्यान्यवन | १०३००००.०० | ०.०० | ०.०० | |
| ४.११ | प्रशासकीय सुशासन | ७७५०००.०० | ४९७६०.०० | ६.४२ | |
| ५ | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **७४०८०८२५.००** | **३६६५१२२१.०४** | **४९.४७** | |
| ५.१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७४०८०८२५.०० | ३६६५१२२१.०४ | ४९.४७ | |
| | **कुल जम्मा** | **६१४५०३८२५.००** | **२२३८८१२७९.०१** | **३६.४३** | |

# चालु तथा पूँजिगत खर्चको आधारमा तेस्रो त्रैमासिक सम्मको खर्च विवरण

## आ.व. २०८२/८३

| क्र.सं. | विविरण | विनियोजन | खर्च | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | ३२१८३३८२५.०० | १६०१४०४६९.०१ | ४९.७६ | |
| २ | पूँजिगत खर्च | २९२६७००००.०० | ६३७४०८१०.०० | २१.७८ | |
| | जम्मा | ६१४५०३८२५.०० | २२३८८१२७९.०१ | ३६.४३ | |

१०) गाउँपालिका अन्तरगत विभिन्न शाखाले गरेको कार्यक्रम र सोको प्रतिवेदनः

**योजना शाखा**

| विवरण | संख्या |
|---|---|
| चालु आ.ब. मा हालसम्म ठेक्का लागेका कुल योजना संख्या । | १३ वटा मध्य ११ पूर्वाधार तर्फ २ वटा मालसामान तर्फ (मालसामान तथा पूर्वाधार निर्माण) |
| ठेक्का लागेका मध्य सम्पन्न भएका योजना संख्या | २ वटा (सेनिटरी प्याड र स्वास्थ्यतर्फको औषधि खरिद) |
| उपभोक्ता समिति संग सम्झौता भएका आयोजना । | ४७ वटा |
| उपभोक्ता समिति संग सम्झौता भइ सम्पन्न भएका आयोजना । | १५ वटा |
| गत वर्षको दायित्व सरी आएका ठेक्का कार्य सम्पन्न भई भुक्तानी भएको | २ वटा |

**भौतिक पुर्वाधार शाखा (जग्गा नापजाँच शाखा)**

| पुर्वाधार विकाश शाखाको आ.ब.२०८२-८३ को चैत मसान्त सम्मको प्रगति विवरण | | | | |
|---|---|---|---|---|
| क्र.स. | कामको विवरण | २०८२-८३ मा गरको कार्यहरु समग्रमा | ठेगाना | कैफियत |
| १ | जग्गा नाप जांच | ९८ वटा कित्ता नाप जांच | वार्ड न.०१ देखि वार्ड न.०५ सम्म | |

**न्यायिक समिति**

**आ.व.२०८२।०८३ को तेस्रो त्रैमासिकमा सम्पादन गरिएका मुख्य कार्यहरुः**

यस आ व को चैत मसान्तसम्ममा १३ वटा मुद्धा दायर भएकोमा २ वटा अदालती प्रकृयामा , १ वटा विचाराधिन र १० वटा मिलापत्र भैसकेको छ।

| उजुरीको प्रकृति | दर्ता भएको उजुरी संख्या | कारवाही भएका उजुरी संख्या | फछौंट उजुरी संख्या | विचारधिन |
|---|---|---|---|---|
| सम्बन्ध विच्छेद ,जग्गा खिचलो ,जग्गा अंश,आली सिमाना मिचेको, बाली नोक्सानी,बैवाहिक सम्बन्ध,बाटो छेकी अवरोध गरेको | १३ | १३ | १० | १ |

**जिन्सी शाखा**

- गाउँपालिकाका एम्बुलेन्स तथा मोटरसाइकलहरु मर्मत सम्भार गरी दुरुस्त राखिएको ।
- गाउँपालिकाको स्करपिओ गाडी जेनजी आन्दोलनको क्रममा जली ध्वस्त भएकोमा लगतकट्टा र वीमादावी गरी वीमावापतको पैसा गाउँपालिकाको खातामा प्राप्त भएको
- गाउँपालिकाका लागि आवश्यक मसलन्द सामाग्रीहरु व्यवस्थापन गरिएको ।
- गाउँपालिकाका लागि आवश्यक छपाई सम्बन्धी काम गरिएको ।
- गाउँपालिकामा आ.ब. ०८२/०८३ को चैत मसान्तसम्ममा २१९ वटा विभिन्न फर्म, संघ संस्थाहरुको मौजुदा सूचिको अभिलेख दर्ता पुस्तिकामा प्रविष्टि गरिएको ।

महिला तथा बालबालिका शाखा

आ.व.२०८२।०८३ को तेस्रो त्रैमासिकमा सम्पादन गरिएका मुख्य कार्यहरु:

| क्र.स. | कार्यक्रम | लक्षित समहु | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | छोरी सुनौलो भविष्य कार्यक्रम | नवजात शिशु(छोरी) | १४७ जना | वडा नं.१ देखि ५ सम्मका हालसम्म दर्ता भएका |
| २ | विभिन्न संजालहररुसँग बैठक तथा छलफल | महिला,बालबालिका, अपाङ्गता समितिहरु तथा सरोकारवाला | आवश्यकताअनुसार | |
| ३ | दोस्रो सुस्ता झम्टा कार्यक्रम | पालिका भित्रका थारु समुदायका महिलाहरु | ३४ समूह | |
| ४ | जेष्ठ नागरिक परिचयपत्र वितरण | जेष्ठ नागरिकहरु | ६ जना | |
| ५ | अपाङ्गता भएका व्याक्तिहरुको लागि स्वास्थ्य शिविर, शल्यकृया तथा सहायता सामाग्री वितरण | अपाङ्गता भएका व्यक्तिहरु | ४९ जना | |
| ६ | अपाङ्ग परिचयपत्र वितरण तथा सम्वन्धित निकायहरुसँग समन्वय गरी सहजीकरण गरिएको | अपाङ्गता भएका व्यक्तिहरु | १५ जना | २ जना क वर्ग, ३ जना ख वर्ग, ९जना ग वर्ग, १ जना घ वर्ग |
| ७ | लैङ्गिक हिंसाविरुद्द १६ दिने अधियानको अवसरमा लैङ्गिक हिंसा ,बालविवाह र प्रविधिको सही प्रयोग सम्वन्धी अभिमुखीकरण कार्यक्रम | विद्यालय र बस्तिस्तर | १० स्थान | |

**स्वास्थ्य शाखा**

- बार्षिक समिक्षा सम्पन्न ।
- खोपको सूक्ष्म योजना कार्यक्रम सम्पन्न ।
- नियमित गाउँघर क्लिनिक हरेक महिनाको ६ गते देखी ९ गते सम्म जारी गरिएको ।
- गर्भवती महिलालाई निशुल्क क्याल्सियम र फोलिक एसिड चक्की वितरणको खरिद भएको।
- निशुल्क बितरणको लागि औषधि खरिद कार्यक्रम ठेक्का प्रकृयाबाट गरिएको ।
- सुत्केरीसँग उपाध्यक्ष भेटघाट कार्यक्रम खरिद कार्यक्रम सम्पन्न गरिएको ।
- नियमित खोप प्रत्येक महिनाको १५ गतेदेखी २० गतेसम्म संचालन गरिएको ।
- HPV खोप सम्वन्धी पालिका स्तरीय र महिलास्वयमसेविकालाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको
- HPV खोप संचालन गरिएको
- जेष्ठ नागरिकलाई औषधि खरिद र न्यानो झोला खरिद कार्य गरिएको ।
- 0-23 महिनाका बच्चाहरुलाई पूर्ण खोप दिनका लागि घरधुरी सर्वेक्षण गरिएको ।
- खोप समन्वय समितिको बैठक
- पालिका स्वास्थ्य शाखा र अन्तरगतका स्वास्थ्य संस्थाबाट निरन्तर हुनुपर्ने सेवाहरुलाई निरन्नतरता
- नसर्ने रोगहरुको Screening तथा अनुगमन गरिएको
- परिवार स्वास्थ्य प्रोफाईल तयार गरिएको
- जेष्ठ नागरिक घरदैलो कार्यक्रम गरी सफ्टवेयर (KOBO) मा प्रविष्टि गरिएको
- टि.बि.को स्क्रिनिङ्ग क्याम्प संचालन गरिएको

**शिक्षा शाखा**

- सबै शिक्षकको तलव भत्ता निकासा गरिएको
- दिवा खाजा निकासा
- स्थानिय पाठ्यपुस्तक कक्षा १ देखी ८ सम्मका थप पाठ्यपुस्तक वितरण
- स्यानिटरी प्याड अनलाईन माध्यमबाट खरिद
- कम्प्युटर नभएका विद्यालयको लागि कम्प्युटर खरिद गरी वितरण
- कक्षा ५ र ८ को पालिकास्तरीय बार्षिक परिक्षा सम्पन्न गरिएको

**कृषि शाखा**

## कृषि विकास शाखाबाट सम्पादित कार्यहरुको विवरण

| क्र.स. | कार्यक्रमको नाम | लाभान्वित समूह | अवस्था | कै |
|---|---|---|---|---|
| १ | ७५ प्रतिशत अनुदानमा च्याउको वीउ वितरण | सुस्ता गापा वडा नं १ देखि ५ का कृषकहरु | सम्पन्न भएको | |
| २ | वर्षे तरकारीहरुको निशुल्क मिनिकिट वितरण | सुस्ता गापा वडा नं १ देखि ५ का कृषकहरु | सम्पन्न भएको । | |
| ३ | निशुल्क जैविक विषादी तथा पासो वितरण | सुस्ता गापा वडा नं १ देखि ५ का कृषकहरु | वितरण भइरहेको | |
| ४ | आलु मिशन कार्यक्रम संचालन | सुस्ता गापाका ८ जना कृषकहरु | भुक्तानी वाँकी | |
| ५ | रासायनिक मल विक्रेताहरुलाई रासायनिक मल सम्बन्धी तालिम | रासायनिक मल वितरण सहकारीहरु | सम्पन्न भएको । | |
| ६ | विषादी सचेतना कार्यक्रम | सुस्ता गापा वडा नं १ देखि ५ का कृषक/ जनप्रतिनिधीहरु | पे. फ. बाँकी | |
| ७ | निलोतुथोको प्रयोग तथा व्यवस्थापन | सुस्ता गापा वडा नं १ देखि ५ का कृषकहरु | पे. फ. बाँकी | |
| ८ | कृषक पाठशाला संचालन | सुस्ता गापा २ नं वडा | भुक्तानी भएको | |
| ९ | सुस्ता गापाको कृषि विकास कार्यक्रम संचालन कार्यविधी २०८२ तयार | सुस्ता गाउँपालिका भित्रका कृषकहरु | - | |

## सहकारी शाखा

| क्र.स. | कार्यक्रमको नाम | लाभान्वित समूह | अवस्था | |
|---|---|---|---|---|
| १ | सहकारी दिवस संचालन | सुस्ता गापा भित्रका सहकारी संस्थाहरु | सम्पन्न भएको | |

**पशु सेवा शाखा**

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्धि |
| --- | --- | --- |
| १ | बर्षिम घास विउ वितरण कार्यक्रम | कृषकहरुलाई विउ वितरण कार्यक्रम गरिएको |
| २ | पशुपन्छीका लागि औषधि खरिद | आवश्यकताअनुसार कृषकहरुलाई वितरण |
| ३ | माईक्रोस्कोप खरिद | पशुपन्छीको रोग पहिचान गरी निदान गर्न |

व्यक्तिगत घटना दर्ता

घटना र दर्ताको समय अन्तर अनुसार प्रतिबेदन

नेपाल सरकार

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

जिल्ला : नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) गा.पा/न.पा. : सुस्ता दर्ता मिति देखि : २०८२-१०-०१ दर्ता मिति सम्म : २०८२ चैत मसान्त सम्म

| क्र.स. | घटना | जम्मा |
|---|---|---|
| १ | जन्म | २५५ |
| २ | मृत्यु | ८९ |
| ३ | सम्बन्ध बिच्छेद | २ |
| ४ | विवाह | १६८ |
| ५ | बसाई सरी आएको | ७ |
| ६ | बसाई सरी जाने | १५ |
| जम्मा | | ५३६ |

सामाजिक सुरक्षा भत्ता

EFT बाट तेस्रो त्रैमासिक किस्ताबापत सामाजिक सुरक्षा भत्ता ३५७६ जनालाई रु तिन करोड तेत्तिस लाख सात हजार चार सय पन्चानब्बे निकाशा गरिएको ।

सूचना प्रविधि शाखा

- गाउँपालिकाको सूचना तथा आवश्यक कागजातहरु पालिकाको आधिकारीक website र page मा प्रविष्टि गरिएको।
- गाउँकार्यपालिकाको कार्यालयलाई प्रविधिमैत्री बनाउन आवश्यक कामहरु गरिएको ।

लघु उद्यम शाखाः

आ.व. ०८२।८३ को माघ ०१ देखी चैत मसान्त सम्मको प्रतिवेदन

| क.सं. | कार्यक्रमको नाम | लक्षित समूह | कैफियत |
|---|---|---|---|
| १ | सहभागितामुलक ग्रामिण लेखाजोखा | ३५ वटा | सुस्ता ०१ |
| २ | समुह गठन | २ वटा | सुस्ता ०१ |
| ३ | उद्यमशिलता तालिम | ३१ जना | सुस्ता ०१ |
| ४ | आधारभुत पटेर सामाग्री तालिम | ३२ जना | सुस्ता ०१ |

लघु उद्यम (व्यवसाय दर्ता) शाखाको आर्थिक बर्ष २०८२।०८३ को माघ ०१ देखी चैत  मसान्त सम्मको प्रतिवेदन

| क.सं. | विवरण | लक्षित समूह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्राइभेट फर्म दर्ता | सुस्ता गा.पा. अन्तरगत व्यवसाय गर्ने सम्पूर्ण व्यवसायीहरु | १ वटा | नयाँ |
| २ | नविकरण | सुस्ता गा.पा. अन्तरगत व्यवसाय दर्ता गरेका सम्पूर्ण व्यवसाय | १९ वटा | सुस्ता गा.पा. वडा नं. १ देखि  ५ सम्म |
| ३ | खारेज | सम्भावित लघु उद्यमीहरु | ६ वटा | सुस्ता गा.पा. वडा नं. १ देखि ५ सम्म |

रोजगार सेवा केन्द्र (प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत)

| क्र.सं. | आयोजना | वडा | प्रगति (मि.) | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी पाइपलाइन विस्तार | | | |
| २ | कृषि बाटो | | | प्रकृयामा रहेको |
| | कृषि बाटो | | | |
| ३ | खानेपानी पाइपलाइन विस्तार | | | प्रकृयामा रहेको |
| ४ | खानेपानी पाइपलाइन विस्तार | | | प्रकृयामा रहेको |
| ५ | कृषि बाटो | | | |
| जम्मा | | कृषि बाटो | | |
| | | खानेपानी पाइपलाइन विस्तार | | |

- ०८२।०८३ मा रोजगार प्राप्त व्यक्ति संख्याः ०
- जम्मा श्रमिक दिनः ०
- प्रति व्यक्ति श्रमिक दिनः ०
- श्रम स्वीकृत सहजीकरणः १८३
- विदेशमा मृत्यु भएका घर परिवार लाई क्षतिपुर्तिमा सहजिकरणः ३ जना
- विदेशमा मृत्यु भएको शव झिकाउने र शव ढुवानीमा सहजिकरणः १ जना
- विदेशमा मृत्यु भएकाको छोरा/छोरीहरु लाई छात्रवृतिमा सहजिकरणः १ जना।

<u>सुरक्षित आप्रवासन कार्यक्रम</u>

१.निरन्तर परामर्शः १८ जना

२. नयाँ केशः४ जना  पुरुष ३ जना १ महिला

३.सेवाग्राही भेटघाट गरी मनोपरामर्श कुराकानी सेसन संचालनः ३५ वटा

४.उपचारका लागि रिफरः ५ जना

५.स्वास्थ्यकर्मी, वडा कार्यालय, स्वास्थ्यचौकी, स्वयमसेवक, विधालयहरु, महिला संजालहरु सँग मनोसामाजिक परामर्शको कार्यहरुबारे निरन्तर भेटघाट र समन्वय गरिएको ।

६.सामी कार्यक्रमको बारेमा जिल्ला तहमा सुरक्षा निकाय (नेपाल प्रहरी) सँग अन्तरकृया कार्यक्रममा सहभागी

७.HMIS/DHIS-2 सम्वन्धी अधिमुखीकरण कार्यक्रम सम्पन्न

११.सूचनाको माग सम्वन्धि निवेदन र सो उपर सूचना दिएको विवरण:

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्याक्तिहरुले गाउँपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । आ.व.०८२।८३ को श्रावण महिनादेखी चैत मसान्तसम्ममा सूचना माग तपसिल अनुसार रहेको छ ।

| क्र.स. | नाम थर /संस्था | विवरण | कै |
|---|---|---|---|
| १ | वृजराज कुशवाहा, प्रतापपुर | सुस्ता गाउँपालिकाले गरेको सार्वजनिक सुनुवाई सम्वन्धमा | विवरण उपलब्ध गराईएको |
| २ | हरि शर्मा (परासी पत्र) | पालिकाको सवारी साधन र ईन्धन सम्वन्धमा | विवरण उपलब्ध गराईएको |
| ३ | विष्णु गौतम सैनामैना ०६ | निशुल्क शिक्षा ऐन, २०७५ बमोजिमका प्रावधान सम्वन्धमा । | विवरण उपलब्ध गराईएको |

गुनासो व्यवस्थापन:

सुस्ता गाउँपालिकामा आ.व. ०८२/८३ को तेस्रो त्रैमासिकमा गुनासो सम्वन्धी कुनै पनि उजुरी नपरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।